आकाशवाणी

21-12-25

मुख्य समाचार---

- **ध्यानमा** सकारात्मक र समावेशी समाजको निर्माणका लागि रूपान्तरणको शक्ति रहेको उप-राष्ट्रपतिको भनाई
- प्रधानमन्त्रीले असममा दस हजार छ सय एक करोड रुपियाँको लागत भएको उर्वरक संयन्त्रको राख्नुभयो आधारशिला
- गृह मंत्रालयले सीमा सुरक्षा बल **–बी.एस.एफ –मा** कनस्टेबल भर्तीका लागि पूर्व अग्निवीरको कोटा दस प्रतिशतदेखि बढ़ाएर पचास प्रतिशत गरेको , अनि
- विज्ञान र प्रौद्योगिकी मन्त्रीले **इलेक्ट्रिक परिवहन व्यवस्था** रोजगार र आजीविकाको सशक्त इन्जन बनेर उदाइरहेको बताउनुभयो ।

  अब समाचार विस्तारमा ।

## 23. उपराष्ट्रपति-ध्यान

उप-राष्ट्रपति सी.पी. राधाकृष्णनले भन्नुभएको छ, **ध्यानमा** सकारात्मक र समावेशी समाजको निर्माणका लागि रूपान्तरणको शक्ति छ । आज द्वितीय विश्व ध्यान दिवसमा हैदराबादमा **कान्हा शान्तिवनम-मा**, उहाँले भन्नुभयो, **हार्टफुलनेस मूवमेन्ट** शान्तिले, सौहार्द र आध्यात्मिक कल्याणका लागि महत्वपूर्ण कार्य गरिरहेकोछ। उहाँले मुक्त र चेतनले मस्तिष्क जनसेवा र समाजमा सकारात्मक बदलाव ल्याउन सक्छ। डाक्टर राधाकृष्णनले भन्नुभयो, ध्यान भारतको प्राचीन आध्यात्मिक परम्पराको भाग हो जो मस्तिष्क र चेतनाको विज्ञान हो।

उपराष्ट्रपतिले भन्नुभयो, शान्ति, करुणा, एकता र भाईचारा संघर्षको यस यात्रामा पहिले भन्दा अधिक प्रासङ्गिक छ । उहाँले प्रतिवर्ष एकाइस दिसम्बरलाई **विश्व ध्यान दिवसका** रूपमा आयोजित गर्ने सम्बन्धमा, संयुक्त राष्ट्र महासभामा प्रस्ताव पारित गर्नमा देशको भूमिकाको पनि चर्चा गर्नुभयो । यस अवरमा तेलंगानाका राज्यपाल जिष्णुदेव वर्मा पनि उपस्थित हुनुहुन्थ्यो ।

## 29. संशो० प्रधानमंत्री - असम

प्रधानमन्त्री नरेन्द्र मोदीले आज असममा डिब्रूगढ जिलाको नामरूपमा दस हजार छ सय एक करोड रुपियाँको लागत भएको उर्वरक संयन्त्रको आधारशिला राख्नुभयो । यस परियोजनाको उद्देश्य यस क्षेत्रमा उर्वरक उत्पादनलाई सशक्त बनाउनु र कृषि वृद्धिलाई समर्थन दिनु हो । यस अवसरमा श्री मोदीले भन्नुभयो, यस संयन्त्रले उर्वरक आयातमा निर्भरता कम हुनेछ र रोजगारको अवसर पनि सृजना हुनेछ।

## 27 गृह मंत्रालय -पूर्व अग्निवीर कोटा

गृह मंत्रालयले सीमा सुरक्षा बल –बी.एस.एफ –मा कनस्टेबल भर्तीका लागि पूर्व अग्निवीरको कोटा दस प्रतिशतदेखि बढ़ाएर पचास प्रतिशत गरेकोछ। पूर्व अग्निवीरको पहिलो ब्याचलाईन ऊपरी आयु सीमामा पाँच वर्षसम्मको छूट मिल्नेछ भने, शेष पूर्व अग्निवीरहरूलाई तीन वर्षको छूट मिल्नेछ।

अधिसूचनामा भनिएकोछ, पूर्व अग्निवीरहरूलाई शारीरिक मानक परीक्षा र शारीरिक दक्षता परीक्षाबाट पनि छूट दिइनेछ। अधिसूचनामा भनिएकोछ, प्रत्येक भर्ती वर्षमा पूर्व अग्निवीरहरूका लागि खाली पदहरू आरक्षित रहनेछ। पूर्व सैनिकहरूका लागि दस प्रतिशत र ट्रेडमेनका लागि तीन प्रतिशत सम्म स्थान आरक्षित रहनेछ।

**11. संशो. मुख्य न्यायाधीश - भाषा**

भारतका मुख्य न्यायाधीश न्यायमूर्ति सूर्यकान्तले भन्नुभयो , सबै सम्वैधानिक संस्थानहरूले संविधानको भावना अनुरूप काम गर्नुपर्छ तर मानिसलाई न्यायालयको निर्णयहरू उनीहरूको आफ्नो भाषामा उपलब्ध होस् । उत्तर प्रदेशको इटावामा हिन्दी सेवा निधि ट्रस्टको तेत्तिस औं वार्षिक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भाषासंग सम्बन्धित सम्वैधानिक प्रावधानहरू पूरा देशमामा लागू गरिने आशा व्यक्त गर्नुभयो । मुख्य न्यायाधीशले भन्नुभयो, अंग्रेजी सर्वोच्च न्यायालयको आधिकारिक भाषा बनेको छ तर भाषाको बाधालाई दूर गर्नका लागि पहिले नै महत्वपूर्ण कदम उठाइएकोछ। उहाँले भन्नुभयो, **सर्वोच्च न्यायालयको निर्णयलाई सोह्र भाषामा अनुवाद गर्ने काम शुरू गरिएको छ। यस अन्तर्गत देशका कुनै पनि नागरिकले आफ्नो राज्यको भाषामा प्रमाणित अनुवादित प्रति पढ्न सक्छ ।**

**चौहान-जी राम जी**

केन्द्रीय मन्त्री शिवराज सिंह चौहानले भन्नुभयो, विकसित भारत-जी राम जी विधेयक मनरेगाको सम्वर्धित रूप हो जो विकास र गरीबहरूको हितमा छ। ।

सोशल मीडिया पोस्टमा उहाँले भन्नुभयो, यस विधेयकमा ग्रामीण परिवारहरूको के वयस्क सदस्यहरूलाई सय दिनका सट्टा सवा सय दिनको रोज़गारको गेर‍ेन्टी दिइएकोछ। श्री चौहानले बताउनुभयो, यस विधेयकमा प्रावधान गरिएकोछ, कि विभिन्न रोज़गार नमिल्ने स्थितिमा, बेरोजगारी भत्ता दिइनेछ र मजदूरी ढिलो पाएमा अतिरिक्त राशिको भुगतान गरिनेछ। उहाँले भन्नुभयो, खेतीको मौसममा व्यवधान सामु आएमा किसानका लागि विशेष प्रावधान गरिएकोछ। श्री चौहानले भन्नुभयो, विधेयकका लागि एक लाख  एकाउन्न  हज़ार करोड़ रूपियाँ भन्दा अधिकको प्रावधान गरिएकोछ।

उहाँले बताउनुभयो, पन्चायत सचि, नियोजन सहायक र तकनीकी कर्मीहरूलाई समयमा अझ् पर्याप्त वेतनका लागि प्रशासनिक व्ययलाई छ  प्रतिशत देखि बढ़ेर नौ  प्रतिशत गरिएको छ। श्री चौहानले भन्नुभयो, यस विधेयकले गाउँको विकास हुनेछ र आत्मनिर्भर तथा गरीबीमुक्त बन्न सकिनेछ। उहाँले विधेयक अन्तर्गत गाउँमा जल संरक्षण, बुनियादी ढाँचाको  विकास र प्राकृति आपदाबाट बचावको कार्य गरिनेछ। कृषि मन्त्रीले भन्नुभयो, यो विधेयक विकसित भारतको अवधारणाको अनुरूप छ।

## 32 विदेश मंत्रालय-बांग्लादेश उच्चायोग

भारतले स्पष्ट गरेकोछ, नयाँ दिल्ली स्थित बंग्लादेश उच्चायोग बाहिर एकत्र भएका प्रदर्शनकारीहरूले कुनै प्रकारको सुरक्षा तोड्ने कोशिश गरेकोछैन ।

मीडियाको प्रशनको उत्तर दिँदै विदेश मन्त्रालयले भनेकोछ, हिजो बङ्ग्लादेशको मैमनसिंहमा दीपू चन्द्र दासको हत्याको विरोधमा बीस देखी पचिस युवक बङ्ग्लादेशको उच्चायोग सामु एकत्र भएका थिए र नारा लगाएका थिए। मन्त्रालयले भनेकोछ, प्रदार्शनकारीहरूले बङ्ग्लादेशमा अल्पसंख्यहरूको सुरक्षाको पनि मांग गरे ।

## 40 जितेन्द्र सिंह-एक्सपो

विज्ञान र प्रौद्योगिकी मन्त्री जितेन्द्र सिंहले भन्नुभयो, **इलेक्ट्रिक परिवहन व्यवस्था** रोजगार र आजीविकाको सशक्त इन्जन बनेर उदाइरहेको छ। श्री जितेन्द्र सिंहले भन्नुभयो, सरकारले समर्थित इको सिस्टमका कारण युवा उद्यमी कम पून्जी निवेशका साथ इलेक्ट्रिक भेकल संग जोडीने स्टार्टअप शुरू गर्न सक्ष्यम भएका छन् र उच्च आय भएको उद्यमहरू विकसित गरिरहेका छन् कर रहेका छन् । उहाँले भन्नुभयो इलेक्ट्रिक मोबिलिटीले नवाचार आधारित विकास, आत्मनिर्भरता र सतत विकासको मार्ग प्रस्तुत गर्छ।

## रेल-किराया

यस महीनाको छब्बीस तारीख़देखी रेल किराईलाई युक्तिसंगत बनाइदैछ । सामान्य श्रेणीमा दुई सय़ पन्द्रह किलोमीटर सम्मको यात्राका लागि किराइमा कुनै परिवर्तन गरिनेछैन । यसमा अधिक दूरीको यात्रामा प्रति किलोमीटर एक पैसाको दरले वृद्धि गरिनेछ। । मेल, एक्सप्रेस र वातानुकूलित गाड़िहरूमा यो दर दुई

पैसा प्रति किलोमीटर हुनेछ । रेलवेका अनुसार, किराइमा वृद्धिले लगभग छ सय करोड़ रूपियाँको अतिरिक्त राजस्व प्राप्त हुनेछ । रेलवेले बताएकोछ, पछिलो दशकमा रेल ढाँचामा धेरै वृद्धि भएको छ र राम्रो संचालनका लागि जनशक्ति बढ़ाइदैछ।